# बलेफी हाईड्रोपावर लिमिटेड
# BALEPHI HYDROPOWER LTD.

का.म.न.पा.-१२, टेकु, काठमाण्डौ, नेपाल, फोन नं. ०१-५९०५००३ फ्याक्स नं. ०१-५९०५००४
इमेलः info.balephi@gmail.com वेबसाइटः www.balephihydro.com


## साधारण शेयरको सार्वजनिक निष्कासन तथा बिक्री खुल्ला बारेको सूचना

बलेफी हाईड्रोपावर लिमिटेडको प्रति शेयर अंकित मूल्य रु.१००/– दरको १८,२७,९७० कित्ता शेयर मध्ये ५ प्रतिशत अर्थात ९१,३९८ कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँट गरिएको र ४ प्रतिशत अर्थात ७३,११९ कित्ता साधारण शेयर कर्मचारीहरूको लागि सुरक्षित गरि बाँकी रहने १,६६३,४५३ कित्ता साधारण शेयरहरु **आज मिति २०७८ चैत्र १६ गते बुधबार**देखि सर्वसाधारणहरुमा निष्कासन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त दिन पाउने न्यूनतम् : १० कित्ता** **दरखास्त दिन पाउने अधिकतम् : १,००,००० कित्ता**

| सि.नं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | ग्लोबल आइएमइ क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं, वेबसाइटः www.globalimecapital.com |
| २. | बलेफी हाईड्रोपावर लिमिटेड, वडा नं. १२, टेकु, काठमाडौं, वेबसाइटः www.balephihydro.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउन सकिने स्थानहरु : |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**शेयर निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७८ चैत्र २१ गते (बैकिङ्ग समय पश्चात्) ।**

**शेयर निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७८ चैत्र ३० गते (बैकिङ्ग समय पश्चात्) ।**

कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः

| विवरण | वास्तवित | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ पौष मसान्त | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९३.७५ | ९३.९२ | ९३.६४ | ९३.५७ | ८४.६८ | ९८.९९ | १०१.७४ |
| प्रति शेयर आम्दानी (रु.) | (0.४७) | (0.३९) | (0.२८) | (0.0७) | (१0.२३) | १४.३१ | १७.७५ |
| सञ्चित मुनाफा/(नोक्सान) (रु. हजारमा) | (८३,२१५) | (८८,९५९) | (९३,0३४) | (९४,0१८) | (२७९,९८८) | (१८,३७८) | ३१,८३0 |

**प्रति मेगावाट लागत सम्बन्धी विवरण :**

कम्पनीको प्रक्षेपति वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याज सहित प्रति मेगावाट लागत रू. २१२,६६५,२६३।४३ (अनुमानित निर्माण सम्पन्न मिति २०७८/११/१७ गते कायम भएको) तथा कुल लागत रू. ७,६५५,९४९,४८३।०० रहेको छ ।

**नोटः** कम्पनीले निर्माण गरिरहेको आयोजनाको सिभिल निर्माण कार्य कम्पनीले आफैले गर्दै रहेको र निर्माण कार्यको लागी आवश्यक निर्माण उपकरण र मेशिनहरू लगायत अन्य स्थिर सम्पती समेत खरिद गरेको र त्यस्ता उपकरणको लागत रू.२४।५६ करोड समेत आयोजना सम्बद्ध खर्च भएको आधारमा आयोजनाको निर्माण खर्चमा गणना गरिएको छ ।

**विद्युत उत्पादनका अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :**

इजाजतपत्र वहाल रहने अवधि मिति २०७३/०४/१२ देखि २१०८/०४/११ सम्म जम्मा ३५ वर्ष रहेकोमा अब बाँकी अवधि ३० वर्ष ७ महिना रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः**

साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.५४ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १४.१० बर्ष रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत :**

जलविद्युत आयोजनाको कूल अनुमानित लागत रू. ७,६५५,९४९,४८३.०० रहेको छ ।

**नोटः** कम्पनीले निर्माण गरिरहेको आयोजनाको सिभिल निर्माण कार्य कम्पनीले आफैले गर्दै रहेको र निर्माण कार्यको लागि आवश्यक निर्माण उपकरण र मेशिनहरू लगायत अन्य स्थिर सम्पत्ति समेत खरिद गरेको र त्यस्ता उपकरणको लागत रू.२४।५६ करोड समेत आयोजना सम्बद्ध खर्च भएको आधारमा आयोजनाको निर्माण खर्चमा गणना गरिएको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट इस्युर रेटिङ्ग गराई "[ICRANP-IR] BB" (pronounced ICRA NP Issuer Rating Double B)" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले ICRANP-IR AAA देखि ICRANP-IR D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "ICRANP-IR AAA" ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने "ICRANP-IR D" ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ ।

इस्युर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७८।०९।०१ (तदनुसार डिसेम्वर १६, २०२१)
बहाल रहने अवधि : २०७९।०८।२७ (तदनुसार डिसेम्वर १३, २०२२)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्कासनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्कासनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।**

**आयोजनाबाट प्रभावित क्षेत्रहरु क्रमशः जुगल गाउँपालिका वडा नं. २, ३ र ४ (साविकको गोल्चे गा.वि.स., गुम्बा गा.वि.स. र पाङताङ गा.वि.स.) र आयोजनाको १३२ के.भि. प्रशारण लाइनबाट प्रभावित क्षेत्र सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकाको वडा नं. ५ र ७, बलेफी गाउँपालिकाको वडा नं. १, ३, ६ तथा ७, सुनकोशी गाउँपालिकाको वडा नं. ७ र जुगल गाउँपालिका वडा नं. १ र ६ (साविक सेलाङ गा.वि.स. र साविक हगाम गा.वि.स.) का स्थानीय बासिन्दाहरुले यस निष्कासनमा आवेदन दिएमा शेयरधनीहरुको आवेदन स्वतः रद्द हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

यस निष्कासन सम्वन्धी विस्तृत जानकारीको लागि **मिति २०७८ चैत्र ८ गतेको "आर्थिक अभियान"** दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्कासन कम्पनीको वेभसाईट www.balephihydro.com अथवा निष्कासन तथा बिक्री प्रवन्धकको वेभसाइट www.globalimecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः**


Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं ।
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com


**मिति २०७८ चैत्र १६ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने ।**